# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, चैत्र १९ गते, २०८१ साल (अतिरिक्ताङ्क ५७

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

# कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** स्थानीय तहको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा सन्तुलन कायम गरी प्राथमिकता प्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न न्यायोचित रूपले समपूरक अनुदान उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले कोशी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "आयोजना वा कार्यक्रम" भन्नाले समपूरक अनुदानमा सञ्चालन गरिने दफा ३ को उपदफा (१) बमोजिमको आयोजना वा कार्यक्रम सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले कोशी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ बमोजिमको समपूरक अनुदान सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ६ बमोजिमको आयोजना वा कार्यक्रम छनोट समिति सम्झनु पर्छ।

३. **समपूरक अनुदान प्रदान गरिने क्षेत्र र रकमको सीमाः** (१) प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन गरिने भौतिक पूर्वाधार विकाससँग सम्बन्धित देहायका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान उपलब्ध गराउन सक्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण,

(ख) खानेपानी तथा सरसफाई,

(ग) सिँचाई तथा नदी नियन्त्रण,

(घ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन,

(ङ) सामुदायिक विद्यालय भवन निर्माण,

(च) स्थानीय तहको प्रशासनिक भवन तथा वडा कार्यालय रहने भवन निर्माण,

(छ) स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने पर्यटन पूर्वाधार निर्माण,

(ज) मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गरिने पूर्वाधार निर्माण,

(झ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार,

(ञ) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा सो अन्तर्गतको सडक पुल,

(ट) स्थानीय तह मातहत रहने स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार,

(ठ) विद्युत सेवाबाट बञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण,

(ड) विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण,

(ढ) नेपाल सरकार वा प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ण) स्थानीय स्तरमा रोजगारी प्रवर्द्धन, उत्पादन वृद्धि, सौन्दर्यकरण तथा राजस्व वृद्धिमा सहयोग पुग्ने आयोजना वा कार्यक्रम।

(२) स्थानीय तहको आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमता अनुसार अनुसूची-१ बमोजिम गरिएको वर्गीकरण अनुसार समूह 'क' देखि समूह 'ङ' सम्मका स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको हकमा कुल लागत अनुमान न्यूनतम पचहत्तर लाख रुपैयाँदेखि अधिकतम दुई करोड रुपैयाँसम्म, समूह 'च' अन्तर्गतका स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको हकमा कुल लागत अनुमान न्यूनतम पचहत्तर लाख रुपैयाँदेखि अधिकतम दुई करोड पचास लाख रुपैयाँसम्म र समूह 'छ' अन्तर्गतका स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको हकमा कुल लागत अनुमान न्यूनतम एक करोड रुपैयाँदेखि अधिकतम पाँच करोड रुपैयाँसम्म प्रस्ताव गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रम बढीमा दुई वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

४. <u>समपूरक अनुदान माग गर्नेः</u> (१) प्रदेशले फागुन मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग भएपछि स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी चैत्र मसान्तभित्र समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागि त्यस्तो अनुदान माग गरी मन्त्रालयले तोकेको विद्युतीय प्रणाली मार्फत् अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८२।०८३ का लागि आयोजना वा कार्यक्रम

प्रस्ताव माग गर्ने र प्रस्ताव पेस गर्ने समयसीमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(४) आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ३ को उपदफा (२) बमोजिम क्रमागतसहित बढीमा दुई वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

तर यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रमको कुल लागत र लागत साझेदारी अनुपात साबिककै व्यवस्था बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव पेस गर्दा स्थानीय तह आफैंले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए सो कुरा समेत त्यस्तो प्रस्तावमा खुलाउनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजात विद्युतीय (अनलाईन) प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान,

(ख) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण,

(ग) स्थानीय तहको सभा वा कार्यपालिकाको निर्णय र अनुसूची-३ बमोजिमको ढाँचामा शर्त पूरा भएको बेहोराको प्रमाणीकरण।

(७) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा देहायका विवरण समेत स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,

(ख) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ग) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(घ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ङ) दुई आर्थिक वर्षमा कार्यन्वयन गरिने आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(च) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये प्रदेश सरकार र स्थानीय तहले बेहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(छ) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ज) क्रमागत आयोजना वा कार्यक्रमको प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण, र

(झ) मन्त्रालयले निर्धारण गरेको अन्य विवरण।

(८) उपदफा (२) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजनाको कुल लागत रकममध्ये स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेस गर्नु पर्नेछ।

(९) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ। त्यसरी बजेट माग नगरेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(१०) स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(११) यस दफा बमोजिम स्थानीय तहबाट प्रस्ताव पेस भई आएका आयोजना वा कार्यक्रमलाई मन्त्रालयले प्रदेश आयोजना बैंकमा प्रविष्ट गर्नुपर्नेछ।

५. **पुराना आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ प्रस्ताव गर्न नपाइने:**

(१) स्थानीय तहले साबिकमा सञ्चालनमा भइराखेका आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रम र नयाँ आयोजना वा कार्यक्रम समेत गरी दफा ४ को उपदफा (४) बमोजिमको सङ्ख्यामा नबढ्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न बाधा पर्ने छैन।

६. **आयोजना वा कार्यक्रम छनोट समितिः** (१) समपूरक अनुदानमा स्थानीय तहबाट प्रस्ताव भएको आयोजना वा कार्यक्रम छनोट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक आयोजना वा कार्यक्रम छनोट समिति रहनेछः–

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - संयोजक |
| (ख) | उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) | प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, मन्त्रालय | - सदस्य |
| (घ) | उपसचिव, प्रदेश योजना आयोग | - सदस्य |
| (ङ) | प्रमुख, वित्त व्यवस्थापन महाशाखा, मन्त्रालय | - सदस्य-सचिव |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले स्थानीय तहबाट प्रस्ताव भई मन्त्रालयबाट आयोजना बैंकमा प्रविष्ट भएका आयोजना वा कार्यक्रम मध्येबाट समपुरक अनुदानको लागि छनोट गर्नुपर्नेछ।

(४) समितिले बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **आयोजना वा कार्यक्रम छनोट गर्ने:** (१) समपूरक अनुदानको लागि प्रस्ताव भएको आयोजना वा कार्यक्रमको समितिले देहायको आधारमा छनोट गर्नेछः-

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, आयोजना वा कार्यक्रम कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,

(ख) आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) आयोजना वा कार्यक्रमको आवश्यकता,

(घ) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(ङ) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,

(च) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान पुग्ने,

(छ) रोजगारी वृद्धि गर्ने,

(ज) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिने आधार स्पष्ट भएको,

(झ) स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने,

(ञ) आवधिक योजनाले लिएको उद्देश्यसँग मेल खाने हुनुपर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(२) समितिले आयोजना वा कार्यक्रम छनोट गर्दा एकमुष्ट बजेट विनियोजन नहुने गरी आयोजना वा कार्यक्रमगत रुपमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

(३) समितिले आगामी आर्थिक वर्षको लागि आयोजना वा कार्यक्रम छनोट गर्दा निर्धारित बजेट सीमाभित्र रही चालू आर्थिक वर्षको बैशाख मसान्तसम्म छनोट गरिसक्नु पर्नेछ।

८. <u>प्रदेश सरकारले समपूरक अनुदान प्रदान गर्ने:</u> (१) प्रदेश सरकारले मन्त्रालयबाट छनोट भएका आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने उपलब्धि तथा आर्थिक, सामाजिक तथा पूर्वाधार विकास अवस्था र राजस्व क्षमता समेतको आधारमा अनुसूची-१ बमोजिमको समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रसँगको साझेदारी रहेको, सार्वजनिक-निजी साझेदारीमा आधारित वा सहलगानीमा आधारित पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तह र निजी क्षेत्रले व्यहोर्ने रकम बाहेक अपुग हुने सम्भाव्यता न्यून परिपूरक कोष (भायाविलिटी ग्याप फन्डिङ) रकमको अधिकतम पचास प्रतिशत प्रदेश सरकारले समपूरक अनुदानको रूपमा सम्बन्धित स्थानीय तहलाई प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि अनुदान उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहबाट

उक्त आयोजना वा कार्यक्रममा भएको अनुसूची-४ बमोजिमको कार्यप्रगतिको आधारमा त्रैमासिक रूपमा रकम उपलब्ध गराइनेछ।

(५) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भइरहेको आयोजना वा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेस गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइनेछ।

९. <u>बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेः</u> (१) मन्त्रालयले समितिबाट छनोट भएका स्थानीय तहबाट समपूरक अनुदान मार्फत् कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबीआइएस) मा प्रविष्टि गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबीआइएस) मा प्रविष्टि भएका आयोजना वा कार्यक्रमलाई स्थानीय तहले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा प्रविष्टि गर्नु पर्नेछ।

(३) प्रदेश सरकारबाट प्रदेश सभामा बजेट पेस भएपछि मन्त्रालयले समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

१०. <u>समपूरक अनुदान प्रदान नगरिनेः</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्ने छैनः-

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(घ) दफा ३ को उपदफा (२) मा उल्लिखित न्यूनतम सीमाभन्दा कम कुल लागत अनुमान भएको आयोजना वा कार्यक्रम।

**११.** <u>मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्ने</u>: स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमलाई मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

**१२.** <u>अनुदान रकम खर्च गर्ने प्रक्रिया</u>: (१) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न पाइने छैन।

(३) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान तथा आफुले बेहोर्नुपर्ने अंशको रकम समेत आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालयबाट समपूरक अनुदान निकासा माग गर्दा आयोजनाको खरिद योजना, खरिद सम्झौता र कार्य प्रगति विवरण पेस गर्नु पर्नेछ।

(५) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्चको प्रत्येक भुक्तानीमा तोकिएको अनुपातको पूर्ण पालना गरी विद्युतीय भुक्तानी प्रणालीमार्फत् भुक्तानी गर्नु पर्नेछ।

(६) समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ।

**१३.** <u>प्रदेश सञ्चित कोषमा रकम फिर्ता गर्नु पर्ने</u>: स्थानीय तहमा भएको समपूरक अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च

नभई बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१४. **आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकम रकमान्तर गर्न नहुने:** समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

१५. **निर्देशन दिन सक्ने:** (१) समपूरक अनुदानबाट सञ्चालित कुनै आयोजना वा कार्यक्रम त्यस्तो आयोजना वा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, कायम गर्नु पर्ने गुणस्तर कायम गरेको नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने अवस्था भएमा वा कुनै कारणले आयोजना वा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नु पर्ने देखिएमा मन्त्रालयले स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा मन्त्रालयले सोको छानबिन गरी स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारको लागि निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

१६. **अनुगमन तथा प्रतिवेदन:** (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित रूपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन मन्त्रालय र प्रदेश योजना आयोगमा पेस गर्नु पर्नेछ।

(३) समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा सञ्चालन भए वा नभएको सम्बन्धमा सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ। त्यसरी दिइएको सुझाव सहितको अनुगमन प्रतिवेदन अनुगमन गर्ने निकायले मन्त्रालय र प्रदेश योजना आयोगमा पेस गर्नु पर्नेछ।

(४) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-४ बमोजिमको ढाँचामा तयार गरी प्रदेश योजना आयोगमा त्रैमासिक रूपमा प्रविष्टि गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन मन्त्रालय र सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयमा समेत पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विद्युतीय प्रणालीमार्फत् प्राप्त भएको प्रगतिको आधारमा प्रदेश योजना आयोगले वार्षिक रूपमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

(६) स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम स्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नु पर्नेछ।

(७) स्थानीय तहले सञ्चालन गरेको आयोजना वा कार्यक्रमको सम्बन्धित विषय विज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा दुई पटक सार्वजनिक परीक्षण तथा वर्षको एक पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सार्वजनिक सुनुवाई गर्दा कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम २२ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

१७. <u>अनुदान रोक्का वा कट्टा गर्न सकिने</u>: (१) समपूरक अनुदानबाट सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमको लक्षित उद्देश्य अनुरूप कार्य प्रगति हुन नसकेमा, मङ्सिर मसान्तभित्र ठेक्का सूचना हुन नसकेमा वा मन्त्रालयले दफा १५ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा पेस गर्नु पर्ने प्रगति प्रतिवेदन पेस नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप भएको नपाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा मन्त्रालयले समपूरक अनुदान रकम सोही आर्थिक वर्ष वा आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने समपूरक अनुदान रकमबाट रोक्का राख्न वा कट्टा गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले प्रगति प्रतिवेदन पेस गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१८. <u>आयोजना वा कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी</u>: समपूरक अनुदानबाट सम्पन्न भएको आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व वहन गर्ने छैन।

१९. <u>अधुरा आयोजना सम्बन्धी विशेष व्यवस्था</u>: (१) स्थानीय तहले समपूरक अनुदानबाट विगत आर्थिक वर्षमा कार्यान्वयन गरेको निर्धारित समयमा सम्पन्न हुन नसकी यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म अधुरै रहेको पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्न सकिने अवस्था भएमा त्यस्तो आयोजना सम्पन्न हुन सक्ने पर्याप्त आधार र कारण खुलाई एक पटकको लागि दफा ४ बमोजिम प्रस्ताव पेस गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव भएको आयोजनालाई समितिले आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न हुन सक्ने भएमा छनोट गर्न सक्नेछ। त्यसरी अनुदान उपलब्ध गराइएको अधुरो आयोजना प्रचलित खरिद कानूनको अधीनमा रही सोही आर्थिक वर्षभित्र सम्पन्न गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि समितिले प्रस्ताव पेस गर्ने स्थानीय तहबाट थप पुष्ट्याइँ माग गर्न वा आवश्यकता अनुसार स्थलगत अध्ययन समेत गर्न वा गराउन सक्नेछ।

२०. <u>कार्य सम्पन्न भएको आयोजनाको दायित्व भुक्तानी सम्बन्धी विशेष व्यवस्था</u>: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८०/८१ सम्म समपूरक अनुदानबाट सञ्चालन भई सिर्जित दायित्व प्रमाणित भएको तर चालू आर्थिक वर्षको विनियोजनमा नपरेको आयोजनाको हकमा आर्थिक वर्ष २०८१/८२ मा समपूरक अनुदानमा विनियोजित बजेट खर्च नभई बचत हुने रकमबाट त्यस्तो दायित्वको फरफारक गर्न कार्यक्रम संशोधनको लागि सम्बन्धित स्थानीय तहले मन्त्रालयमा सहमति माग गर्न सक्नेछ।

२१. <u>अनुसूचीमा हेरफेर</u>ः मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२२. <u>खारेजी र बचाउः</u> (१) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची–१

(दफा ३ को उपदफा (२) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमता अनुसार स्थानीय तहको वर्गीकरण तथा लागत सहभागिता विवरण**

**(क) स्थानीय तहले आन्तरिक राजस्व परिचालन गर्न सक्ने सम्भावना, सूचकाङ्कको क्रमबद्धतामा देखिएका परिवर्तनका बिन्दुहरूका आधारमा स्थानीय तहको वर्गीकरण**

| समूह : क | | | | |
|---|---|---|---|---|
| क्र. सं. | स्थानीय तह | | क्र. सं. | स्थानीय तह |
| १ | भोटखोला गाउँपालिका, संखुवासभा | | २० | सिलीचोङ गाउँपालिका, संखुवासभा |
| २ | लिखु पिके गाउँपालिका, सोलुखुम्बु | | २१ | महाकुलुङ गाउँपालिका, सोलुखुम्बु |
| ३ | लिम्चुङबुङ गाउँपालिका, उदयपुर | | २२ | खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा |
| ४ | थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु | | २३ | ट्याम्केमैयुङ गाउँपालिका, भोजपुर |
| ५ | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ | | २४ | माप्य दुधकोशी गाउँपालिका, सोलुखुम्बु |
| ६ | पौवादुङमा गाउँपालिका, भोजपुर | | २५ | आमचोक गाउँपालिका, भोजपुर |
| ७ | पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ | | २६ | सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ |
| ८ | केपिलासगढी गाउँपालिका, खोटाङ | | २७ | तुम्वेवा गाउँपालिका, पाँचथर |
| ९ | साकेला गाउँपालिका, खोटाङ | | २८ | फक्ताङलुङ गाउँपालिका, ताप्लेजुङ |
| १० | जन्तेढुङ्गा गाउँपालिका, खोटाङ | | २९ | अरुण गाउँपालिका, भोजपुर |
| ११ | दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ | | ३० | सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ |
| १२ | बराहपोखरी गाउँपालिका, खोटाङ | | ३१ | चिचिला गाउँपालिका, संखुवासभा |
| १३ | लिखु गाउँपालिका, ओखलढुङ्गा | | ३२ | रावा बेसी गाउँपालिका, खोटाङ |
| १४ | रामप्रसादराई गाउँपालिका, भोजपुर | | ३३ | हतुवागढी गाउँपालिका, भोजपुर |
| १५ | फेदाप गाउँपालिका, तेह्रथुम | | ३४ | आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ |

| | | | | |
|---|---|---|---|---|
| १६ | मैवाखोला गाउँपालिका, ताप्लेजुङ |  | ३५ | चम्पादेवी गाउँपालिका, ओखलढुङ्गा |
| १७ | साल्पासिलिछो गाउँपालिका, भोजपुर |  | ३६ | चिशंखुगढी गाउँपालिका, ओखलढुङ्गा |
| १८ | सभापोखरी गाउँपालिका, संखुवासभा |  | ३७ | ताप्ली गाउँपालिका, उदयपुर |
| १९ | मेन्छयायेम गाउँपालिका, तेह्रथुम |  |  |  |

**समूह : ख**

| क्र. सं. | स्थानीय तह | | क्र. सं. | स्थानीय तह |
|---|---|---|---|---|
| १ | षडानन्द नगरपालिका, भोजपुर |  | १५ | ऐसेलुखर्क गाउँपालिका, खोटाङ |
| २ | हलेसीतुवाचुङ नगरपालिका, खोटाङ |  | १६ | मकालु गाउँपालिका, संखुवासभा |
| ३ | पाँचखपन नगरपालिका, संखुवासभा |  | १७ | सन्दकपुर गाउँपालिका, इलाम |
| ४ | मादी नगरपालिका, संखुवासभा |  | १८ | नेचासल्यान गाउँपालिका, सोलुखुम्बु |
| ५ | धर्मदेवी नगरपालिका, संखुवासभा |  | १९ | आठराई गाउँपालिका, तेह्रथुम |
| ६ | फाल्गुनन्द गाउँपालिका, पाँचथर |  | २० | फाकफोकथुम गाउँपालिका, इलाम |
| ७ | सोताङ गाउँपालिका, सोलुखुम्बु |  | २१ | सुनकोशी गाउँपालिका, ओखलढुङ्गा |
| ८ | माङसेबुङ गाउँपालिका, इलाम |  | २२ | रौतामाई गाउँपालिका, उदयपुर |
| ९ | फालेलुङ गाउँपालिका, पाँचथर |  | २३ | उदयपुरगढी गाउँपालिका, उदयपुर |
| १० | मेरिङदेन गाउँपालिका, ताप्लेजुङ |  | २४ | मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुङ्गा |
| ११ | खोटेहाङ गाउँपालिका, खोटाङ |  | २५ | सहिदभूमि गाउँपालिका, धनकुटा |
| १२ | कुम्मायक गाउँपालिका, पाँचथर |  | २६ | मिक्लाजुङ गाउँपालिका, पाँचथर |
| १३ | हिलिहाङ गाउँपालिका, पाँचथर |  | २७ | याङवरक गाउँपालिका, पाँचथर |
| १४ | छथर गाउँपालिका, तेह्रथुम |  | २८ | मोलुङ गाउँपालिका, ओखलढुङ्गा |

**समूह : ग**

| क्र. सं. | स्थानीय तह | | क्र. सं. | स्थानीय तह |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | माई नगरपालिका, इलाम | | ८ | साँगुरीगढी गाउँपालिका, धनकुटा |
| २ | म्याङलुङ नगरपालिका, तेह्रथुम | | ९ | छथर जोरपाटी गाउँपालिका, धनकुटा |
| ३ | महालक्ष्मी नगरपालिका, धनकुटा | | १० | जहदा गाउँपालिका, मोरङ |
| ४ | चैनपुर नगरपालिका, संखुवासभा | | ११ | रोङ गाउँपालिका, इलाम |
| ५ | लालीगुराँस नगरपालिका, तेह्रथुम | | १२ | चौबिसे गाउँपालिका, धनकुटा |
| ६ | पाख्रिबास नगरपालिका, धनकुटा | | १३ | देवानगञ्ज गाउँपालिका, सुनसरी |
| ७ | भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी | | १४ | माई जोगमाई गाउँपालिका, इलाम |
| | | **समूह : घ** | | |
| **क्र. सं.** | **स्थानीय तह** | | **क्र. सं.** | **स्थानीय तह** |
| १ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ | | १२ | गौरिगंज गाउँपालिका, झापा |
| २ | गढी गाउँपालिका, सुनसरी | | १३ | सुनवर्षी नगरपालिका, मोरङ |
| ३ | सिद्धिचरण नगरपालिका,ओखलढुङ्गा | | १४ | हरिनगर गाउँपालिका,सुनसरी |
| ४ | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | | १५ | चुलाचुली गाउँपालिका, इलाम |
| ५ | भोजपुर नगरपालिका, भोजपुर | | १६ | झापा गाउँपालिका, झापा |
| ६ | कचनकवल गाउँपालिका, झापा | | १७ | मिक्लाजुङ गाउँपालिका, मोरङ |
| ७ | कोशी गाउँपालिका, सुनसरी | | १८ | फुङ्लिङ नगरपालिका, ताप्लेजुङ |
| ८ | बर्जु गाउँपालिका, सुनसरी | | १९ | कानेपोखरी गाउँपालिका, मोरङ |
| ९ | बेलका नगरपालिका, उदयपुर | | २० | फिदिम नगरपालिका, पाँचथर |
| १० | देउमाई नगरपालिका, इलाम | | २१ | धनपालथान गाउँपालिका, मोरङ |
| ११ | सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु | | | |
| | | **समूह : ङ** | | |
| **क्र. सं.** | **स्थानीय तह** | | **क्र. सं.** | **स्थानीय तह** |
| १ | चौदण्डीगढी नगरपालिका, उदयपुर | | १४ | कमल गाउँपालिका, झापा |
| २ | रंगेली नगरपालिका, मोरङ | | १५ | रामधुनी नगरपालिका, सुनसरी |
| ३ | खाँदवारी नगरपालिका, संखुवासभा | | १६ | गौरादह नगरपालिका, झापा |

| | | | | |
|---|---|---|---|---|
| ४ | बाह्रदशी गाउँपालिका, झापा | | १७ | धनकुटा नगरपालिका, धनकुटा |
| ५ | ग्रामथान गाउँपालिका, मोरङ | | १८ | बुढीगङ्गा गाउँपालिका, मोरङ |
| ६ | कटहरी गाउँपालिका, मोरङ | | १९ | बराहक्षेत्र नगरपालिका, सुनसरी |
| ७ | हल्दीबारी गाउँपालिका, झापा | | २० | शिवसताक्षी नगरपालिका, झापा |
| ८ | रतुवामाई नगरपालिका, मोरङ | | २१ | दुहवी नगरपालिका, सुनसरी |
| ९ | लेटाङ नगरपालिका, मोरङ | | २२ | ईलाम नगरपालिका, इलाम |
| १० | पथरी शनिश्चरे नगरपालिका, मोरङ | | २३ | बुद्धशान्ति गाउँपालिका, झापा |
| ११ | कटारी नगरपालिका, उदयपुर | | २४ | इनरुवा नगरपालिका, सुनसरी |
| १२ | केराबारी गाउँपालिका, मोरङ | | २५ | बेलवारी नगरपालिका, मोरङ |
| १३ | सूर्योदय नगरपालिका, इलाम | | | |
| | | **समूह : च** | | |
| **क. सं.** | **स्थानीय तह** | | **क. सं.** | **स्थानीय तह** |
| १ | कन्काई नगरपालिका, झापा | | ५ | अर्जुनधारा नगरपालिका, झापा |
| २ | भद्रपुर नगरपालिका, झापा | | ६ | दमक नगरपालिका, झापा |
| ३ | त्रियुगा नगरपालिका, उदयपुर | | ७ | सुन्दरहरैंचा नगरपालिका, मोरङ |
| ४ | उर्लाबारी नगरपालिका, मोरङ | | ८ | मेचीनगर नगरपालिका, झापा |
| | | **समूह : छ** | | |
| **क. सं.** | **स्थानीय तह** | | **क. सं.** | **स्थानीय तह** |
| १ | विराटनगर महानगरपालिका, मोरङ | | ३ | धरान उप महानगरपालिका, सुनसरी |
| २ | ईटहरी उप महानगरपालिका, सुनसरी | | ४ | विर्तामोड नगरपालिका, झापा |

**(ख) तालिका: समपूरक अनुदानका लागि लागत सहभागिता विवरण:**

| स्थानीय तहको वर्ग | प्रदेश सरकारले उपलब्ध गराउने अधिकतम अनुदान | स्थानीय तहले विनियोजन गर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| क | ८० | २० |
| ख | ७० | ३० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| ग | ६० | ४० |
| घ | ५० | ५० |
| ङ | ४० | ६० |
| च | ३० | ७० |
| छ | २० | ८० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**समपूरक अनुदान प्रस्ताव गर्ने फाराम**

(१) अनुदान माग गर्ने स्थानीय तहको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोन ......................................इमेलः...................

(४) आयोजना वा कार्यक्रमको नामः

(५) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानः

(६) आयोजना वा कार्यक्रमको अनुमानित कुल लागतः

(७) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण:

(८) आयोजना वा कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसङ्ख्याः

(९) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने आर्थिक वर्ष:

(१०) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण:

(११) आयोजना वा कार्यक्रममा निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः

(१२) निजीक्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा:

(१३) प्रदेश सरकारले समपूरक अनुदान मार्फत् व्यहोर्ने प्रस्तावित रकमः

(१४) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई:

(१५) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना:

(१६) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति:

(१७) संलग्न आवश्यक कागजातहरूः

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान,

(ख) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण क्रमबद्वता सम्बन्धित कार्यपालिका वा सभाको निर्णय र अनुसूची-२ बमोजिमको प्रमाणित फाराम,

(ग) मन्त्रालयले निर्धारण गरेका अन्य विवरण तथा कागजात।

प्रमुख प्रशासकीय
अधिकृतको,
दस्तखतः
नामः
मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

## अनुसूची–३

(दफा ४ को उपदफा (६) को खण्ड (ग) सँग सम्बन्धित)

**समपूरक अनुदानको लागि सर्त पूरा भएको प्रमाणित गर्ने फाराम**

.................... *(स्थानीय तहको नाम र ठेगाना)*

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | |
|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १) | | |
| २) | | |

१. आयोजना वा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको,
२. आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको,
३. आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएको,
४. आयोजना वा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत लागत अनुमान स्वीकृत भएको,
५. आयोजना वा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार भएको,
६. नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेशले कार्यान्वयन गरिरहेको र स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमसँग दोहोरो नपरेको,
७. अधिकतम दुई वटासम्म आयोजना वा कार्यक्रमहरू प्रस्ताव गरेको,
८. क्रमागत तथा नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्नको लागि आयोजना वा कार्यक्रमको प्राथमिकीकरण विवरण सम्बन्धित कार्यपालिका वा सभाको निर्णय भएको,
९. आयोजना वा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको,
१०. आयोजना वा कार्यक्रमको दिगोपनको सन्दर्भमा व्यवस्थापन तथा सञ्चालन सुनिश्चितता भएको,
११. आयोजना वा कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको,
१२. आयोजनाको निर्माणस्थलको निर्माण स्थल तयारी (Site Clearance) भएको।

आयोजना वा कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका सर्तहरू पूरा भएको प्रमाणित गर्दछु।

| तयार गर्नेको,- | प्रमाणित गर्नेको,- |
|---|---|
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

प्रमाणित गरिए बमोजिम मन्त्रालयले तोकेको समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको,-

नाम थर:

पद:

दस्तखतः कार्यालयको छापः

प्रविष्टि मिति:

**नोटः-** यो फाराम प्रमाणित गर्दा देहायका पदाधिकारीले तयारी, प्रमाणित र समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्नेले अनिवार्य रूपमा दस्तखत गर्नु पर्नेछः-

तयार गर्ने महलमा प्रमुख प्रशासकीय अधिकृतको र प्रमाणित गर्ने महलमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख र प्रविष्टि गर्ने महलमा आयोजना वा कार्यक्रम समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको नाम, पद र दस्तखत गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची–४

(दफा ८ को उपदफा (४) र दफा १६ को उपदफा (४) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क फोन नः इमेलः

जिम्मेवार पदाधिकारीको नाम र सम्पर्क नं.

| क्र.सं. | आयोजना वा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम सञ्चालन भएको स्थान (गाउँ/ नगरपालिका, वडा नम्बर) | कुल लागत (लागत अनुमान बमोजिमको) | चालू आ.व.मा कुल विनियोजन | .....अवधिको लक्ष्य | | ...अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्नेः

प्रमाणित गर्नेः

स्वीकृत मितिः- २०८१/१२/१९

आज्ञाले,
शंकर नेपाल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- info.moial@koshi.gov.np